संघीय संसद

राष्ट्रिय सभा

बाह्रौं अधिवेशन

बैठक - ३८

सूचनापत्र -२

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:०० बजे*
*बैठक अन्त्य : ३:१५ बजे*

२०७९ साउन २, सोमबार

---

संघीय संसद राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **अठतिसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न १:००** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"विशेष समय"** मा बोल्नको लागि दलीय आधारमा प्राप्त नामावली अनुसार क्रमाशः देहाय बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयोः

**माननीय जितेन्द्र नारायण देव**ले चिनिया सरकारका अन्तर्राष्ट्रिय सम्बन्ध विभाग प्रमुखको नेपाल भ्रमण र उच्चस्तरीय भेटवार्ता स्वागतयोग्य रहेको बताउनुहुँदै नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का नेता पुष्प कमल दाहाल (प्रचण्ड) को भारत भ्रमण समेत सकारात्मक रहेको बताउनुभयो ।

**माननीय खिमलाल भट्टराई**ले नागरिकता विधेयक यथाशीघ्र पारित गर्न, संघीय निजामति सेवा ऐन यथाशीघ्र ल्याउन माग गर्नुहुँदै रूपन्देहीको तिलोत्तमा नगरपालिकामा डिएस्पीले वडाध्यक्षमाथि गरेको दुर्व्यवहारको बारेमा गृहमन्त्रीको जवाफ माग गर्नुभयो। उहाँले राष्ट्रिय सभामा उत्पत्ति भएका विधेयक प्रतिनिधि सभाबाट फिर्ता नआएको सम्बन्धमा प्रतिनिधि सभाका सभामुखको जवाफ माग गर्नुभयो ।

**माननीय विना पोखरेल**ले नागरिकता संशोधन विधेयक प्रतिनिधि सभामा लामो समय अड्किएको नागरिकता विधेयक याथाशीघ्र ल्याउनु पर्ने माग गर्नुहुँदै नागरिकता प्रदान कर्यविधि सरल र सहज तर नीति कठोर हुनु पर्ने सुझाव प्रस्तुत गर्नुभयो ।

**माननीय गोमा देवी तिमल्सिना**ले काठमाडौंमा फोहोर मैला व्यवस्थित नहुँदा हैजा लगायतका सरुवा रोग बढेको सम्बन्धमा सरकारको ध्यान नगएको आरोप लगाउनुहुँदै फोहोर व्यवस्थापनमा मकवानपुरमा उत्पादित फोहोर व्यवस्थापन गर्ने मेशिन खरिद गरी व्यवस्थापन गर्न सरकारलाई सुझाव दिनुभयो ।

**माननीय प्रमिला कुमारी**ले संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समितले गण्डकी प्रदेश, पोखरामा भएको अन्तरक्रिया कार्यक्रममा भएको छलफल तथा सुझावको सङ्क्षिप्त जानकारी सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**माननीय शेखर कुमार सिंह**ले संघीयता कार्यान्वयनको लागि आवश्यक रहेको संघीय निजामती सेवा ऐन छिटो भन्दा छिटो ल्याएर कानुनी बाधा हटाउन सरकार समक्ष माग गर्नुभयो ।

**माननीय दिल कुमारी रावल थापा (पार्वती)** ले लामो समयसम्म महत्त्वपूर्ण विधेयकहरू संसदीय समितिहरूमा अड्किरहेको सम्बन्धका सभाको ध्यानाकर्षण गराउनुहुँदै सदनमा उठेको विषयमा जवाफदेही बन्न सरकार समक्ष माग गर्नुभयो ।

**माननीय सुरेश कुमार आलेमगर**ले सिङ्गापुर प्रहरीमा गोर्खाली प्रहरीको अवस्था दयनीय रहेको जानकारी गराउनुहुँदै यस्तो अवस्थाको अन्त्यका लागि पहल गर्न सरकार समक्ष अनुरोध गर्नुभयो ।

**माननीय राजेन्द्र लाक्ष्मी गैरे**ले बढ्दो महङ्गी नियन्त्रणका गर्न अनुरोध गर्नुहुँदै लुम्बिनीलाई पर्यटकीय क्षेत्रको रूपमा विकास, प्रवर्द्धन र प्रचारप्रसार गर्न समेत सरकार समक्ष माग गर्नुभयो ।

**माननीय नरबहादुर विष्ट**ले नेपालको अर्थतन्त्र धराशायी अवस्थामा रहेको र हाल एम अधिकारीको खोजी चलिरहेकाले यसको छानविनका लागि सरकार समक्ष माग गर्नुभयो।

**माननीय अनिता देवकोटा**ले संघीयता कार्यान्वयनका लागि संघ, प्रदेश  र स्थानीय तीनै तहले कार्य गर्नु पर्ने विषय उजागर गर्नुहुँदै आगामी निर्वाचनमा महिलाहरूको प्रत्यक्ष प्रतिनिधित्व सुनिश्चित गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले **"विशेष समय"** मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणीकरण सम्बन्धी प्राप्त पत्रहरूको ब्यहोरा देहायानुसार जानकारी गराउनुभयो :

संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीकरणको लागि पेश हुन आएका देहाय बमोजिमका विधेयकहरू सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सो को प्रमाणीकृत प्रतिहरू थान २ (दुई) यसैसाथ संलग्न गरी पठाइएको ब्यहोरा अनुरोध गर्दछु।

| क्र.सं. | ऐन नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १. | १ | बिरुवा संरक्षण ऐन, २०६४ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/२४ |
| २. | २ | बीउ बिजन ऐन, २०४५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/२४ |

(डा. तोयनारायण ज्ञवाली)

सचिव

२०७९/३/२४ "

संघीय संसदको दुवै सदनको बैठकबाट पारित भई नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणीतसमेत भई प्रमाणीकरणको लागि पेश हुन आएका देहाय बमोजिमका विधेयकहरू सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएकोले सो को प्रमाणीकृत प्रतिहरू थान १३ (तेह्र) यसैसाथ संलग्न गरी पठाइएको ब्यहोरा अनुरोध गर्दछु।

| क्र.सं. | ऐन नं. | विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|---|---|
| १. | ३ | लोक सेवा आयोग सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक | २०७९/३/३१ |
| २. | ४ | आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यको लागि संघीय सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ३. | ५ | ऋण तथा जमानत ऐन, २०२५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ४. | ६ | राष्ट्र ऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ५. | ७ | नेपाल सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ६. | ८ | तेजाब तथा अन्य घातक रासायनिक पदार्थको नियमनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ७. | ९ | यौन हिंसा विरूद्धका केही ऐनलाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ८. | १० | फौजदारी कसूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ९. | ११ | नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| १०. | १२ | सामाजिक सुरक्षा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| ११. | १३ | औषधी ऐन, २०३५ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| १२. | १४ | स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक | २०७९/३/३१ |
| १३. | १५ | रेल्वे सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | २०७९/३/३१ |

(डा. तोयनारायण ज्ञवाली)

सचिव

२०७९/३/३१”

त्यस लगत्तै सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका ज्येष्ठ सदस्य **माननीय नारायण दत्त मिश्र**लाई **"शपथ सम्बन्धी विधेयक, २०७८"** सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभएपछि माननीय नारायणदत्त मिश्रले उक्त प्रतिवेदन पेश गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले **माननीय खानेपानी मन्त्री उमाकान्त चौधरी**लाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त **"खानेपानी तथा सरसफाइ विधेयक, २०७६ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले **माननीय खानेपानी मन्त्री उमाकान्त चौधरी**ले पेश गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त **"खानेपानी तथा सरसफाइ विधेयक, २०७६ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको सैद्धान्तिक पक्षमा छलफल प्रारम्भ जानकारी गराउनुहुँदा देहायका माननीय सदस्यहरूले उक्त छलफलमा भाग लिनुभयो :

मा. खिमलाल देवकोटा

मा. अनिता देवकोटा

मा. तुलसा कुमारी दाहाल

मा. डा. विमला राई पौड्याल

मा. राजेन्द्र लक्ष्मी गैरे

त्यस लगत्तै सम्माननीय अध्यक्षले उक्त छलफलमा माननीय सदस्यहरूलले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै **माननीय खानेपानी मन्त्री उमाकान्त चौधरी**लाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त **"खानेपानी तथा सरसफाइ विधेयक, २०७६ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त **"खानेपानी तथा सरसफाइ विधेयक, २०७६ माथि विचार गरियोस्"** भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभई उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त **"खानेपानी तथा सरसफाइ विधेयक, २०७६"** माथि संशोधन प्रस्ताव राख्न चाहने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने बेहोरा जानकारी गराउनुभयो ।

त्यस लगत्तै सम्माननीय अध्यक्षले त्यस दिनको कार्यसूची क्रम सङ्ख्या ३ मा समावेश भएको विषयहरू कार्यसूचीबाट हटाइएको जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल साउन ४ गते बुधबार अपराह्न १:०० बजे** बस्ने गरी सो दिनको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव